**आकाशवाणी खरसाङ, प्रादेशिक समाचारः नेपाली**

मितिः २१ मार्च २०२३

समयः १८:५० – १९:०० बजे

**मुख्य समाचार**

१. उपराष्ट्रपति जगदीप धनखड़ले अर्थव्यवस्था र प्रोधौगिकीमा भारतको उदय विश्व शान्ति र सद्भावको एक आश्वासन हो भनी बताउनु भएको छ ।

२. सर्वोच्च न्यायालयले मुख्य चुनाउ आयुक्त र चुनाउ आयुक्तको नियुक्ति सम्बन्धी नयाँ कानुनमा रोक लगाउन अस्वीकार गरेको छ ।

३. आम चुनाउलाई ध्यानमा राख्दै निर्वाचन आयोग भ्रामक सूचनाको चुनौतीहरूको सामना गर्न पूर्ण रूपमा तयार रहेको छ ।

४. अविरल वर्षाको कारण दार्जीलिंग पहाडको जनजीवन प्रभावित बनेको छ स

**उपराष्ट्रपति जगदीप धनखड़**

उपराष्ट्रपति जगदीप धनखड़ले अर्थव्यवस्था र प्रोधौगिकीमा भारतको उदयले विश्व शान्ति र सद्भावको एक आश्वासन हो भनी बताउनु भएको छ । उहाले भारत विश्व शान्ति, स्थिरता र सद्भाव कायम राख्न एक समान विचारधारा भएका राष्ट्रहरूलाई संलग्न गर्न प्रतिबद्ध रहेको पनि बताउनु भएको छ । नयाँ दिल्लीस्थित राष्ट्रपति निवासमा अन्तर्राष्ट्रिय रणनीतिक सहभागिता कार्यक्रमको उद्घाटन को अवसरमा सहभागीहरूसँग कुराकानी गर्दै धनखड़ले यस आशय बारे प्रकाश पार्नु भएको थियो । राष्ट्रिय रक्षा कलेजले २१ देशहरुका अन्तर्राष्ट्रिय प्रतिनिधिहरु र आठ भारतीय अधिकारीहरु सम्मिलित दुई हप्तासम्म चल्ने उक्त कार्यक्रमको आयोजना गरिरहेको छ । उपराष्ट्रपतिले विश्वले शान्तिका लागि सकारात्मक माहौल तयार गर्न विस्तारित अर्थव्यवस्था , प्रभावकारी कूटनीति र बढ्दो नरम शक्तिको साथ् भारतलाई हेरिरहेको बताउनु भएको छ ।

****** ० ******

**सर्वोच्च न्यायालय**

सर्वोच्च न्यायालयले प्रमुख चुनाउ आयुक्त र चुनाउ आयुक्तको नियुक्ति सम्बन्धी नयाँ कानुनमा रोक लगाउन अस्वीकार गरेको छ । न्यायाधीश सञ्जिव खन्ना र दीपांकर दत्तको पीठले लोकसभा चुनाव नजिकिँदै गर्दा यो अवस्थामा कानुनलाई रोक्न नमिल्ने बताउनु भएको छ।

****** ० ******

**इलेक्ट्रोनिक्स तथा आईटी सचिव**

इलेक्ट्रोनिक्स तथा आईटी सचिव एस कृष्णनले आज नयाँ दिल्लीमा युनिभर्सल एक्सेप्टेन्स (यूए) को अवधारणामा आधारित भाषानेट पोर्टलको शुभारम्भ गर्नुभयो । यस अवसरमा कृष्णनले भाषानेट पोर्टलको सुरुवातले भारतमा डिजिटल समावेशितालाई बढावा दिने दिशामा एक महत्वपूर्ण कदमको प्रतिनिधित्व गर्दछ l

****** ० ******

**आम चुनाव- भ्रामक सूचना**

आम चुनाउलाई ध्यानमा राख्दै निर्वाचन आयोग भ्रामक सूचनाको चुनौतीहरूको सामना गर्न पूर्ण रूपमा तयार रहेको छ । भ्रामक सूचनाहरुले लोकतन्त्रको प्रक्रियालाई क्षति पुर्याउन सक्छ । आयोगले सबै सरोकारीहरुलाई जिम्मेवारीपूर्वक व्यवहार गर्न र सतर्क रहन आग्रह गर्दै कठोर निर्देशिका जारी गरेको छ । यस स्थितिलाई ध्यानमा राख्दै आयोगले राजनीतिक दलहरुलाई कुनै पनि भ्रामक सूचना सम्प्रेषण गर्नुपूर्व जाँच गर्ने निर्देश दिएको छ।

****** ० ******

**प्रधानमंत्री नरेंद्र मोदी-दक्षिण कोरिया**

प्रधानमन्त्री नरेन्द्र मोदीले भारतमा लोकतन्त्रको प्राचीन र अखण्ड संस्कृति रहेको बताउनु भएको छ। दक्षिण कोरियाको सियोलमा भर्चुअल माध्यमबाट लोकतन्त्र शिखर सम्मेलनलाई सम्बोधन गर्नुहुदै प्रधानमन्त्री श्री मोदीले सर्वसम्मति , खुल्ला बातचित र स्वतन्त्र चर्चा भारतको विशेषता भएको बताउनु भएको छ । श्री मोदीले "अबको केही हप्तामा भारतमा लोकतन्त्रको सबैभन्दा ठूलो चाड हुने र एक अरब मतदाताहरुले मतदान गरेसँगै यो मानव इतिहासकै सबैभन्दा ठूलो चुनावी अभ्यास हुने बताउनुभएको छ।

****** ० ******

**चुनाउ आयोग**

चुनाउ आयोगले इलेक्ट्रोनिक्स र आईटी मन्त्रालयलाई ह्वाट्सएपमा विकसित भारत सन्देशको वितरण तत्काल रोक्न निर्देशन दिएको छ। आम चुनाउको घोषणा भए पनि आम नागरिकहरुको फोनमा अझै पनि यस्ता सन्देशहरु प्रवाह भइरहेको गुनासो प्राप्त भएको आयोगले जनाएको छ।

******

**भारतीय रेलवे**

भारतीय रेलवेले होलीको पर्वमा यात्रीहरूको सुविधा र अतिरिक्त भीड़लाई व्यवस्थित राख्न 540 अतिरिक्त ट्रेन शुरू गरेको छारेल मन्त्रालयले, दिल्ली-पटना, दिल्ली-भागलपुर, दिल्ली-मुजफ्फरपुर, दिल्ली-सहरसा, गोरखपुर-मुम्बई, कोलकाता-पुरी, गुवाहाटी-रांची, नयाँ दिल्ली-श्री माता वैष्णो देवी कटरा, जयपुर-बान्द्रा टर्मिनस, पुणे-दानापुर, दुर्ग-पटना, बरौनी-सूरत आदि रेलवे मार्गहरूमा देशभरिका प्रमुख स्थलहरूलाई जोड्न ट्रेन चलाउने योजना बनाइएको छ l यात्रीहरूको सुरक्षा सुनिश्चित गर्न प्रमुख स्टेशनहरूमा अतिरिक्त आरपीएफ जवानहरूलाई तैनात गरिएको छारेल मन्त्रालय अनुसार, ट्रेनहरूको सुचारू संचालन सुनिश्चित गर्न प्रमुख स्टेशनहरूमा अधिकारीहरूलाई आपातकालीन ड्यूटीमा तैनात गरिएको छ। ट्रेन सेवामा कुनै पनि व्यवधानलाई प्राथमिकताको आधारमा हटाउन विभिन्न अनुभागहरूमा कर्मचारीहरूलाई तैनात गरिएको छ।

****** ० ******

**प्रवर्तन निदेशालय (ईडी)**

प्रवर्तन निदेशालय (ईडी)ले मल्टीलेवल मार्केटिङ स्किम मामिलामा ८४ करोड़ २४ लाख रुपियाँ बराबरको चल अचल सम्पत्ति जफत गरेको छ। केन्द्रीय जाच एजेन्सीले धन शोधन निवारण कानुन २००२ अन्तर्गत यो कदम चालेको हो। प्रवर्तन निदेशालयले आज जारी गरेको विज्ञप्तिमा भनिएको छ, '१९ मार्चमा जाच एजेन्सीले मल्टीलेवल मार्केटिङ स्किम मामिलामा प्रमोटर भाउसाहेब छब्बु चव्हाण, आरती भाउसाहेब चव्हाण र अन्यले आर्जित गरेको ८४ करोड़ २४ लाख रुपिया बराबरको बेनामी सम्पत्ति सहित चल अचल सम्पत्ति जफत गरेको छ।

****** ० ******

**सर्वोच्च न्यायालय ने पत्र सूचना कार्यालय**

सन् २०२३ मा सूचना प्रोधौगिकी नियमावलीमा गरिएको संशोधनलाई चुनौती दिने याचिकामा बम्बई उच्च अदालतले अन्तिम निर्णय नदिएसम्म सर्वोच्च न्यायालयले पत्र सूचना कार्यालय अन्तर्गत तथ्य जाच एकाई स्थापना गर्ने केन्द्रको सूचनामा रोक लगाएको छ। इलेक्ट्रोनिक्स तथा सूचना प्रोद्योगिकी मन्त्रालयले एकाइ स्थापनाका लागि हिज सूचना जारी गरेका थिए।

****** ० ******

**चुनाव आयोग**

निर्वाचन आयोगले गुजरात, पञ्जाब, उडिसा र पश्चिम बङ्गालमा जिल्लापाल र पुलिस अधिक्षकको रूपमा कार्यरत गैर-कार्याकारी अधिकारीहरूको स्थानान्तरण आदेश जारी गरेको छ। मुख्य निर्वाचन आयुक्त राजीव कुमार, निर्वाचन आयुक्त ज्ञानेश कुमार र सुखबीर सिंह संधुको अध्यक्षतामा बसेको आयोगको बैठकले यस आशयको निर्णय गरेको हो।

****** ० ******

**कालेबुंग लिखुबिर -आगमन ठप्प**

अविरल वर्षाको कारण दार्जीलिंग पहाडको जनजीवन प्रभावित बनेको छ l वर्षाको कारण कालेबुंग जिल्लाको राष्ट्रिय राजमार्ग -१० अन्तर्गत लिखुभीरमा गइरहेको पैह्रोलाई ध्यानमा राख्दै आज सतर्कता स्वरूप वाहनहरूको आवागमनमाथि रोक लगाइएको छ। हाल सिलगढ़ीदेखि सिक्किम अनि कालेबुङ तर्फ जाने वाहनहरूलाई लाभा-गोरूबथान रोडमा डायभर्ट गरिएको छ।हिज देखि नै दार्जीलिंग पहाड र समतल क्षेत्रमा अविरल वर्षा भइरहेको छ। वर्षाको कारण कालेबुङ एवं सिक्किमतर्फ जाने राष्ट्रिय राजमार्ग-10 को किनारमा सानो-ठूलो ढुङ्गाहरू झर्न शुरू भएको छ। गम्भीर आपदाको खतरालाई ध्यानमा राख्दै यस मार्गमा यातायात रोकिएको छ। कालेबुङ पुलिसले स्थितिमाथि निगरानी राखिरहेको जानकारी प्राप्त भएको छ।

****** ० ******

**कोलकाता उच्च न्यायालय**

कोलकाता उच्च न्यायालयको डिभिजन बेन्चले कोलकाताको गार्डेन रिचमा भवन भत्किएको घटनाबारे राज्य सरकारसँग रिपोर्ट मागेको छ। मुख्य न्यायाधीश टीएस शिवज्ञानम र न्यायाधीश हिरन्मय भट्टाचार्यको बेन्चले भाजपा नेता राकेश सिंहले दायर गरेको जनहित याचिकामाथि सुनुवाइ गर्दै प्रशासनको कुनै सूचना बिना भवन निर्माण गर्न सम्भव नभएको टिप्पणी गरेको छ। उनीहरूले यस घटनामा राज्य सरकारबाट शपथपत्र मागेका थिए र राज्य सरकारले हालसम्म उठाएका पुनर्वास र पुनस्थापनाका उपायहरूको बारेमा सोधपुछ गरेका थिए। खण्डपीठले प्रत्येक नगरपालिका र पञ्चायतमा अवैध निर्माण कार्यका सम्बन्धमा निगरानी समिति गठन गर्नुपर्ने पनि ठहर गरेको छ। पीठले राज्य सरकारलाई यस घटनामा प्रभावित व्यक्तिहरूलाई राशन र खाना उपलब्ध गराउन पनि सल्लाह दिएको छ।

****** ० ******

**एनआई**

राष्ट्रिय अनुसन्धान एजेन्सी (एनआईए) ले बिहारको मगध जोनमा प्रतिबन्धित भाकपा (माओवादी) संगठनलाई पुनर्जीवित र बलियो बनाउने षडयन्त्रमा फरार अभियुक्तलाई पक्राउ गरेको छ। आरोपी विनोद मिश्रालाई झारखंडको धनबादबाट पक्राउ गरिएको छ जो आठ महिना देखि फरार थिए l एनआईए ले बिगत बर्षको 31 अगस्त देखि यस मामिलाको जाच गरिरहेको छ l

****** ० ******

**चुनाउ आयोग जिल्लापाल**

चुनाउ आयोगले पश्चिम बङ्गालका चार जिल्लाका जिल्ला अधिकारीहरूलाई हटाउने आदेश दिएको छ। जसमा पूर्व मेदिनीपुर, झारग्राम, पूर्ण बर्धमान र बीरभूम जिल्लाहरू सामेल हुन्। आयोगले ती जिल्लाहरुका जिल्लापालहरू प्रत्यक्ष क्याडरबाट नभई आईएएसमा पदोन्नति भएकाले उनीहरूलाई हटाइएको जनाएको छ।

****** ० ******

**आग्नेयास्त्र पक्राउ**

बागडोगरा थानाको पुलिसले आग्नेयास्त्र सहित एक युवकलाई पक्राउ गरेको छ। पक्रा परेको युवक गोसाईपुर निवासी रहेको जानकारी प्राप्त भएको छ।पुलिस सूत्र अनुसार हिज अबेर राती गुप्त सूचनाको आधारमा बागडोगरा पुलिसले ती युवकलाई पक्राउ गरेको हो l बागडोगरा पुलिस अघिल्लो कारवाहीमा जुटेको छ l

****** ० ******

**गार्डन रिच भाजपा**

दक्षिण कोलकाताको गार्डनरीचमा गत सोमवार निर्माणाधिन एक पाँच तले भवन भत्किदा लगभग दश जना मानिसहरूको ज्यान गएको थियो भने अन्य धैरैजना घाइते भएका थिए। यस मामिलालाई लिएर भाजपा नेता शुभेन्दु अधिकारीले सूचनाको अधिकार - अधिनियम अन्तर्गत एक आवेदन दर्ता गरेका छन्। उहाले आरटीआई मार्फत कोलकातमा भइरहेका निर्माणहरूको बारेमा विस्तृत जानकारी मागेका छन्।अधिकारीले भन्नुभएको छ -, उक्त दुर्घटनाले कोलकाता नगरनिगमको तयारीमा भएको अभावलाई

पूर्ण रूपले उजागार गरिदिएको छ। उहाले हिज  सोशल मीडिया प्लेटफर्म एक्समा विपक्षका एकजना जिम्मेवार नेता भएको नाताले जानकारी मागेको बताउनुभएको छ ।

****** ० ******